Australian Embassy

Nepal

# प्रेस बक्तब्य

## १९ नेपाली बिद्यार्थीहरुलाई अष्ट्रेलियामा स्नातकोत्तर अध्ययन गर्न अष्ट्रेलिया अवार्डस छात्रवृत्ति प्रदान

१२ मंसिर २०८२ नेपालका लागि अस्ट्रेलियाली राजदूत लियन जोन्सटन र नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री चूडामणि पौडेलले १९ जना नेपाली बिद्यार्थीहरुलाई अस्ट्रेलिया अवार्ड्स छात्रवृत्ति प्रदान गर्नुभयो।

अस्ट्रेलियाली सरकारको प्रतिष्ठित अस्ट्रेलिया अवार्ड्स छात्रवृत्ति प्राप्त गरेका यी बिद्यार्थीहरुले सन् २०२६ मा अस्ट्रेलियाका विश्वस्तरीय विश्वविद्यालयहरूमा स्नातकोत्तर तहको अध्ययन सुरु गर्नेछन्।

छात्रवृत्तिमा अध्ययन गर्न अष्ट्रेलिया जाने १९ जना नयाँ बिद्यार्थीहरुमध्ये १३ जना सार्वजनिक सेवा क्षेत्रका, ११ जना महिला र २ जना अपांगता भएका व्यक्ति रहेका छन्।

छात्रवृत्ति वितरण समारोहलाई सम्बोधन गर्दै शिक्षा सचिव श्री चूडामणि पौडेलले अस्ट्रेलिया अवार्ड्स प्राप्तकर्ताहरूलाई बधाई दिनुभयो र नेपाली विद्यार्थीलाई अस्ट्रेलियामा उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गरेकोमा अस्ट्रेलियाली सरकारलाई धन्यवाद दिनुभयो।

"तपाईहरुले अष्ट्रेलियामा प्राप्त गर्ने ज्ञान, र बनाउने विश्वब्यापि सम्पर्क र संजालले तपाईहरुको ब्यवसायिक जीवनलाई आकार त दिने नै छ यसका साथै त्यसले तपाईहरुलाई सार्थक ढंगले नेपालको सेवा गर्ने क्षमता पनि दिनेछ । नेपाल सरकार देशको प्रगतिमा मानविय पूँजिले खेल्ने महत्पूर्ण भूमिकाको कदर गर्दछ र अष्ट्रेलिया अवार्ड्स्ले थप सम्बृद्ध, समभाव र नवप्रवर्तन युक्त बिकासप्रति साझा दृष्टिकोँण राखेकोमा गर्व गर्दछु," सचिव श्री पौडेलले भन्नुभयो।

राजदूत जोन्स्टनले बिद्यार्थीहरुलाई आफ्नो अवसरको अधिकतम उपयोग गर्न, बहुसांस्कृतिक अस्ट्रेलियाको विविधता र समृद्धि अनुभव गर्न, र अस्ट्रेलियाली जनता तथा संस्थाहरुसँग बलियो सम्बन्ध निर्माण गर्न प्रोत्साहित गर्नुभयो।

"अस्ट्रेलिया अवार्ड्स कार्यक्रमले हाम्रा दुई देशहरु बिचको सबल सहकार्य र समावेशीकरण, शिक्षा तथा नेतृत्वप्रतिको हाम्रो साझा प्रतिबद्धताको प्रतिबिम्बित गर्छ ।

हामी यस बर्षको छनौटमा पर्नुभएका बिद्यार्थीहरुको विविधता र यसले प्रतिनिधीत्व गर्ने दृष्टिकोण प्रति गर्व गर्छौं," राजदूत जोन्सटनले भन्नुभयो।

अस्ट्रेलियाली सरकारको परराष्ट्र मन्त्रालय द्वारा प्रदान गरिने अस्ट्रेलिया अवार्ड्स छात्रवृत्ति एक परिवर्तनकारी उच्च शिक्षा हासिल गर्ने अवसर हो। यसले आफ्ना क्षेत्रमा नेतृत्व गर्ने क्षमता भएका बिद्यार्थीहरुलाई अध्ययन र अनुसन्धानका अवसर प्रदान गर्छ जसबाट उनीहरूले सीप, ज्ञान र सम्बन्धहरु विकास गरी आफ्नो देशमा परिवर्तन ल्याउन र विकासमा योगदान पुऱ्याउन सक्छन्। धेरै अस्ट्रेलिया अवार्ड्स प्राप्त पूर्वविद्यार्थीहरू नेपाल फर्किएपछि सरकारी सेवा, नागरिक समाज र व्यवसायिक क्षेत्रमा वरिष्ठ पदमा पुगेर योगदान गरिरहेका छन्।

विदेशी बिद्यार्थीहरुलाई छात्रवृत्तिको अवसर प्रदान गर्नु सन् १९५० को कोलम्बो प्लान देखि नै अस्ट्रेलिया सरकारको विदेश नीतिको मुख्य विशेषता रहँदै आएको छ। त्यसयता, विश्वभरका १ लाखभन्दा बढी व्यक्तिहरूले अस्ट्रेलियाली सरकारको छात्रवृत्ति प्राप्त गरी अस्ट्रेलिया वा प्रशान्त क्षेत्रमा अध्ययन गरेका छन्। १,३०० भन्दा बढी नेपालीले अस्ट्रेलिया अवार्ड्सको सहयोगमा अस्ट्रेलियामा अध्ययन तथा अनुसन्धान गरेका छन्।

अस्ट्रेलिया अवार्ड्स छात्रवृत्तिको अर्को चरणको आवेदन सन् २०२६ फेब्रुअरीमा खुल्नेछ।

**19 Nepali students receive Australia Awards scholarships to pursue postgraduate degrees in Australia**

On 28 November, Australia's Ambassador to Nepal, HE Leann Johnston, and Secretary of the Ministry of Education, Science and Technology, Mr Choodamani Paudel presented Australia Awards Scholarships to 19 Nepali recipients.

These recipients of the Australian Government's prestigious Australia Awards Scholarships will start their master's degree studies at world class universities in Australia in 2026.

The 19 scholarship recipients include 13 applicants from the public sector, 11 women and 2 people with disability.

Addressing all those present at the Award Ceremony, Secretary Mr Paudel congratulated the Australia Awards recipients and thanked the Australian Government for providing opportunities for Nepali students to pursue higher studies in Australia.

"The knowledge, global exposure and the network you will be able to get in Australia will not only shape your professional growth but also enhance your ability to serve Nepal in meaningful ways. The Government of Nepal values the critical role human capital plays in national progress. We are proud that program like AA support our shared vision of a more prosperous, equitable and innovative Nepal," Secretary Mr Paudel said.

Ambassador Johnston encouraged the scholars to maximise their opportunity, embrace the diversity and richness of multicultural Australia, and build strong linkages with Australian people and institutions during their time in Australia.

"The Australia Awards program reflects the strength of our partnership and our shared commitment to inclusion, education and leadership. We are proud of the diversity and vision this cohort represents," Ambassador Johnston said.

Australia Awards Scholarships are transformational tertiary education opportunities funded by the Australian Government's Department of Foreign Affairs and Trade. The Scholarships provide emerging leaders with study and research opportunities to develop skills, knowledge and networks that they can use to drive change and contribute to development in their home countries. Many Australia Awards alumni go on to hold senior positions in government, civil society and business sectors on their return home.

Scholarships have been a key feature of Australia's foreign policy since the Colombo Plan in the 1950s. Since then, more than 100,000 individuals from around the world have received an Australian Government scholarship to study in Australia or the Pacific. More than 1,300 Nepalis have pursued study and research in Australia with the support of Australia Awards.

The scholarship program represents a crucial element of Australia's support to building stronger people-to-people links, costing around AUD3.8 million / USD2.5 million each year.

Applications for the next round of Australia Awards Scholarships will open in February 2026.

---




Recipients of Australia Awards Scholarships for study commencing in 2026 with Australia's Ambassador to Nepal, Education Secretary Mr Choodamani Paudel and Australian Embassy officials during the Award Ceremony in Kathmandu on Friday, 28 November 2025. Photo: Australian Embassy

[फोटो क्याप्सन]
सन् २०२६ मा अध्ययन सुरु गर्नका लागि अस्ट्रेलिया अवार्ड्स छात्रवृत्ति प्राप्तकर्ताहरू अस्ट्रेलियाका नेपालस्थित राजदूत, शिक्षा सचिव श्री चूडामणि पौडेलले र अस्ट्रेलियाली दूतावासका अधिकारीहरूसँग २०२५ नोभेम्बर २८ शुक्रबार काठमाडौंमा आयोजित पुरस्कार समारोहमा। फोटो: अस्ट्रेलियाली दूतावास

Media Contact

Krishna.karki@dfat.gov.au